# <u>उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट 2077 बैशाख 1 देखि असार मसान्तसम्म सम्पादन गरेका कार्यहरुः</u>

संघीय संसद प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको कार्यक्षेत्र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र उपभोक्ता हितका विषयहरुसँग सम्बन्धित रहेको छ। 2077 साल बैशाख देखि असार सम्मको अवधिमा नेपालमा कोभिड-19 को कारणले देश लकडाउनमा रहेको थियो। यस अवधिमा केही उद्योग व्यापारी तथा व्यवसायीहरुबाट कृत्रिम अभाव देखाई मूल्य वृद्धि गराई उपभोक्ताहरु ठगिने अवस्था रहेको थियो। वस्तु तथा सेवाको सहज प्राप्तिका कठिनाई रहेको अवस्था थियो। यसै विषयमा सरकारबाट सो अवस्थाको नियमन नियन्त्रण र वस्तु तथा सेवाको बिक्री वितरणलाई सहज बनाउने सम्बन्धमा समितिका विभिन्न बैठकहरु बसेको थियो।

त्यसैगरी, लकडाउनको अवधिमा समस्यामा परेका सर्वसाधारण उपभोक्ताहरुलाई राहत वितरणलाई प्रभावकारी बनाउने, काठमाडौँमा डेरा गरी बसेका समस्याग्रस्त मानिसहरुलाई आफ्नो थातथलोमा पठाउने विषयहरु, कोरोनाको कारणले भारतबाट आई नेपालको सीमानामा बसेकाहरुलाई सुरक्षित तवरले व्यवस्थापन गर्ने विषय, विदेशबाट रोजगारी गुमी नेपाल आएकाहरुलाई उनीहरुको सीप र क्षमता अनुसारको रोजगारी सिर्जना गर्ने सन्दर्भमा सरकारबाट बनाउनु पर्ने अल्पकालीन र दिर्घकालीन योजनाहरु, क्वारेन्टिनलाई व्यस्थित बनाउने विषय, बढि भन्दा बढि स्वदेशी वस्तुहरुको उत्पादन बृद्धि गर्ने सम्बन्धमा, लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि त्यस्ता उद्योगहरुलाई राज्यबाट दिनुपर्ने छुट सुविधा र सहुलियतहरु, स्वदेशी उद्योगहरुबाट आत्मनिर्भर हुँदै गएका कर्कट जस्तापाता, चिनी उद्योग जस्ता उद्योगहरुको संरक्षण र प्रवर्द्धन गर्ने विषयहरु, भारत बाहेक अन्य मुलुकहरुमा रही अति समस्यामा परेका नेपालीहरुलाई नेपाल ल्याई व्यवस्थापन गर्ने विषय, समग्र उद्योग व्यवसायमा रहेका विद्यमान समस्या र समाधान लगायत समसामयिक विषयका सम्बन्धमा सरोकारवाला सबै निकायहरुसँग यस समितिको १५ वटा बैठक बसी देहायअनुसारको निर्देशन तथा निर्णयहरु गर्ने कार्य यस अवधिमा सम्पन्न गरेको छ।

<u>उल्लेखित अवधिमा समितिले गरेका निर्देशन तथा निर्णयहरु देहायअनुसार रहेका छनः</u>

१. सरकारबाट वितरण गरिदै आएको राहत खाद्यान्न गुणस्तरहीन समेत भएको पाइएको हुँदा गुणस्तरहीन खाद्य वस्तुको उपभोगबाट मानवीय स्वास्थ्यमा गम्भीर असर पर्न गई त्यसबाट मानव स्वास्थ्यमा थप समस्या पर्न जाने देखिएकोले यस्ता गुणस्तरहीन खाद्य वस्तु विक्री वितरण गर्नेलाई तथा कालो बजारी गर्नेलाई छानवीन गरी तत्काल कारवाही गर्न नेपाल सरकारलाई निर्देशन दिने निर्णय भयो ।

२. भारतीय सीमामा अलपत्र अवस्थामा रहेका नेपालीहरुलाई स्वास्थ्य परीक्षण गरी सुरक्षित तवरबाट नेपाल ल्याई तत्काल व्यवस्थापन गर्ने तर्फ पहल गर्न तथा सीमा सुरक्षामा कडाई गर्न नेपाल सरकारलाई निर्देशन गर्दछ ।

३. देश लकडाउनको कारणबाट सर्वसाधारण नेपालीहरु काम विहीन भै खान वस्नको समस्यामा परी आ–आफ्नो घर जान चाहने मजदुरहरुलाई सुरक्षित तवरबाट जाने व्यवस्था मिलाउने र घर जान नचाहने तथा नसक्ने मजदुरहरुलाई लकडाउन अवधिभरका लागि खान र वस्ने व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई निर्देशन गर्दछ ।

४. लकडाउन लामो समयमसम्म जाने अवस्था भएमा तथा भारतमा संक्रमणको अवस्था बढ्दै गएमा भारतबाट आयात हुने गरेको खाद्यान्न आपूर्ति रोकिन गई देशमा खाद्यान्न अभाव भै भोकमरी हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै वैकल्पिक अन्य देशहरुबाट समेत खाद्यान्ह आयात गरी कम्तीमा ३ महिनासम्मको लागि खाद्यान्न भण्डारको व्यवस्था मिलाउन र देशमा कृषि क्षेत्रको प्रवद्र्धन गर्ने गरी दिर्घकालीन योजना बनाउन नेपाल सरकारलाई निर्देशन गर्दछ ।

५.श्रम गर्न विदेशमा गएका श्रमीकहरुको रोजगारी खोसिन गई विदेशमा अलपत्र अवस्थामा परेको खवर समेत आइरहेकोले यस विषयमा आवश्यक अध्ययन गरी यथार्थ विवरणका आधारमा कामदारहरुलाई उपयुक्त तवरबाट व्यवस्थापन गर्ने तर्फ आवश्यक अध्ययन गर्न नेपाल सरकार, परराष्ट्र र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय लाई निर्देशन गर्दछ ।

६. हाल उद्योग विभागबाट तीन वटा ग्यास उद्योग नवलपरासीको सगरमाथा, धादिङ्गको सीताश्री र कैलालीको सैपाल ग्यास उद्योगलाई संचालन गर्न अनुमति दिइएको पाईएको हुँदा नयाँ ग्यास उद्योगहरुलाई इजाजत दिन विगतमा यस समितिबाट रोक लगाइएकोमा हाल के कति कारणबाट उद्योग संचालन गर्नको लागि अनुमति दिइएको हो, सो विषयमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयसंग जानकारी लिने निर्णय भयो ।

7. भारतबाट चिनी आयात गर्न रोक नलगाएको तथा खुला सीमानाको कारणबाट नेपालमा चिनी अवैध तवरबाट समेत आयात भै राखेको विद्यमान अवस्थामा स्वदेशमा उत्पादित चिनीले भारतको अनुदानमा

समेत उत्पादित चिनीसंग प्रतिश्पर्धा गर्न नसकी उद्योगहरु धरासायी वन्न गएको र उखु उत्पादन किसानहरुको समेत उखुको मूल्य समयमा भुक्तानी गर्न नसकी उखु किसानहरु वर्षै पिच्छे आन्दोलन तथा धर्ना बस्न वाध्य भएका छन् भने किसानहरु समेत उखु खेती प्रति निरुसाहित हुँदै गएको र चिनी उत्पादन गर्ने उद्योगहरु पनि वर्षे पिच्छे बन्द हुँदै गइराखेको विद्यमान अवस्थामा स्वदेशी चिनी उद्योगहरुलाई प्रवद्र्धन गर्नको लागि देशमा उत्पादित चिनीले स्वदेशी मागलाई धान्न सक्ने वा नसक्ने अध्ययन गरी के कति मात्रामा चिनी आयात गर्नु पर्ने हो सोही परिणाममा मात्र स्वदेशी उद्योगबाट उत्पादित चिनीले देश आत्मनिर्भर नहुँदासम्मका लागि आयात गर्न अनुमति प्रदान गर्ने गरी चिनी आयातमा परिमाणत्मक बन्देश लगाउन र नेपालका उद्योगबाट उत्पादित चिनीले समेत प्रतिस्पर्धा गर्न सक्ने गरी आयातित चिनीमा भन्सार दर बृद्धि गर्न तथा चिनी उत्पादक उद्योगहरुलाई समेत अनुदान उपलव्ध गराई स्वदेशी उद्योगहरुलाई आत्मनिर्भर बनाउने नीति अवलम्बन गरी देशमा उखु किसानहरुको हित तथा उद्योगीहरुको प्रवद्र्धन र उपभोक्ताले सर्वसूलव तवरबाट सहज रुपमा चिनी उपभोग गर्न पाउने अधिकारको सुनिश्चित हुने नीति अवलम्बन गर्न उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र कृषि तथा पशुपन्छि मन्त्रालयलाई निर्देशन गर्दछ ।

8. हाल नेपालमा जस्तापाता उद्योगबाट उत्पादित कर्कत जस्तापातामा आत्मानिर्भर भएको अवस्था रहेको छ। विगत २०७२ सालको भुकम्प गएर देश संकटमा परे र स्वदेशी उत्पादनले मात्र नभ्याउने अवस्थामा भारतबाट आयात हुने कर्कत जस्तापाता र ग्एख्क्ष् च्ययाष्लन क्जभभत मा भन्सार दर ३० प्रतिशतबाट घटाई १५ प्रतिशत बनाईएकोमा  हालसम्म पनि २० प्रतिशत मात्र दर कायम रही रहँदा भारतबाट आयातित कर्कत पातासंग नेपालबाट उत्पादित उद्योगले प्रतिश्पर्धा गर्न नसकी उद्योगहरु धरासाही हुने अवस्था भएकोले स्वदेशी उत्पादनलाई प्रवद्र्धन तथा उद्योगीहरुको संरक्षण गर्नका लागि हाल कायम रहेको भन्सार दरलाई बृद्धि गरी ३० प्रतिशत बनाउन तथा ग्एख्क्ष् च्ययाष्लन क्जभभत मूल्यांकन टग्क्म् बाट ढग्क्म् पूर्ववत अवस्थामै कायम हुन र स्वदेशमा उत्पादित कर्कट जस्तापातामा एन.एस चिन्ह अनिवार्य लगाउने व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति र अर्थ मन्त्रालयलाई निर्देशन गर्दछ ।

9. हाल टेलिभिजनको पार्टसको रुपमा प्रयोग हुने टेलिभिजन प्यानललाई तयारी वस्तु सरह भन्सार उपशिर्षक ८५२८७२.०० अन्तर्गत बर्गिकरण गरी भन्सार दर निर्धारण हुन गएकोले टेलिभिजन प्यानलमा लाग्ने उच्च भन्सार दरले गर्दा देशमा रहेका टेलिभिजन उत्पादन गर्ने उद्योगले आफ्नो लागत समेत उठाउन नसकी सबै उद्योगहरुको उत्पादन बन्द हुन गएको र हजारांैको संख्यामा काम गर्ने कामदारको रोजी रोटी बन्द भएको तथा उद्योगीहरुको करोडौ लगानी समेत डुब्न गई गम्भीर समस्या उत्पन्न भएको भनी यस समितिमा निवेदन दर्ता भई सरोकारवाला सबै निकायहरुसँग छलफल समेत भएकोले टेलिभिजनको पार्टस्को रुपमा प्रयोग हुने प्यानलाई ज्क् अयमभ ८५२९–९०–१० (कच्चा पदार्थ) बाटै

वर्गिकरण गर्न अन्तशुल्क ऐन २०५८को दफा ३(क) अनुसार विगतको आर्थिक ऐनले प्रदान गर्दै आएको कच्चा पदार्थको भन्सारमा तिरेको अन्तशुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नु पर्ने अन्तशुल्कमा मिलान तथा कट्टा गर्न पाउने गरी दोहोरो करमुक्तीको सिद्धान्त अनुसार आगामि बजेटमा अवलम्बन गर्न अर्थ मन्त्रालय एवम् उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन गर्दछ ।

10. लघु एवं घरेलु तथा साना उद्योगले देशमा लाखौको संख्यामा रोजागरी सृजना गरेको यस्ता उद्योगहरुबाट उत्पादित धैरै प्रकारका बस्तुहरुमा देश आत्मनिर्भर हुँदै गएको र कतिपय बस्तुहरु अन्तर्राष्ट्रिय बजारमा निर्यात समेत हुने गरेको वर्तमान अवस्थामा यस्ता उद्योगबाट उत्पादन गर्ने सबै बस्तुको आयात गरिने कच्चा पदार्थमा १ प्रतिशत भन्दा वढी भन्सार दर कायम नहुने व्यवस्था अवलम्बन गर्न र हाल विश्वव्यापी संकटका कारणबाट रोजगारी गुम्न गएका श्रमिकहरुलाई यस क्षेत्रमा परिचालन गर्नका लागि उनीहरुको सीप, क्षमता र रुची अनुसार राज्यबाट तालीम दिने नीति अवलम्बन गरी रोजगार गुम्न गएका श्रमिकहरुलाई रोजगारी उपलब्ध गराउन तथा स्वदेशी वस्तुहरुको उत्पादन बृद्धि गरी निर्यात प्रवद्र्धन गर्ने तर्फ तत्काल पहल गर्न अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय कृषि तथा पशुपंछी विकास मन्त्रालया र उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन गर्दछ।

11. बैदेशिक रोजगारीको लागि विदेशमा काम गर्न गएका श्रमिकहरुलाई कम्तिमा लगातार १ वर्षसम्म श्रम गरी घर फर्केर आउदा ३२ इन्च सम्मको १ थान जुनसुकै टेलिभिजनमा भन्सार तथा अन्तशुल्क लगायतको कर नलाग्ने व्यवस्था रहेकोमा कुनै पनि नेपाली श्रमिक १ वर्षसम्म वैदेशिक रोजगारीमा गएर आएका कामदारलाई स्वदेशी उद्योगबाट उत्पादित जुनसुकै टि.भी. खरिद गर्नको लागि त्यस्तो टि.भी उत्पादन गर्दा लागेको भन्सार, अन्तशुल्क तथा मूल्य अभिबृद्धि कर छुट सुविधा दिई बिक्रि गर्न सकेको खण्डमा स्वदेशी उत्पादनको पनि प्रवद्र्धन हुने रेमिट्यान्स स्वदेशमा नै खर्च हुने वारेन्टी तथा ग्यारेन्टीको सुविधा प्राप्त हुने र बिदेशबाट ल्याउदा हुन सक्ने टुट फुट समेतको जोखिम नरहने, स्वदेशी बस्तुहरुको उपभोग बृद्धि हुने, उद्योगमा रोजगारी बृद्धि हुने तथा राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने हुँदा उक्त सुविधा स्वदेशी उत्पादनमा प्रदान गर्ने तर्पm पहल गर्न अर्थ मन्त्रालय एवम् उद्योग, वाणिज्य तथा अपूर्ति मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

१2. बैदेशिक रोजगारीमा विभिन्न मुलुकमा गएका नेपाली कामदारहरु हाल कोरोना भाइरस (कोभिड–१९) का कारणबाट रोजगार गुम्न गएका तथा विभिन्न देशमा अन्य विशेष कारणबाट लकडाउनमा परि समस्यामा परेकाहरु सबैलाई यो संक्रमण सामान्य नभएसम्मको लागि जो जहाँ छन् त्यही बस्न आग्रह गर्ने र खानको लागि समस्यामा परेकाहरुलाई परराष्ट्र मन्त्रालय तथा सम्बन्धित दुतावासबाट पहल गर्ने र अति सम्वेदनशील तवरको समस्याबाट गुज्रिएका अशक्त, विरामी जसलाई तत्काल ल्याउन अति जरुरी

रहेकाको छ सो को तथ्यांक एकिन गरी तत्काल नल्याइ नहुँने अवस्थामा रहेकाहरुलाई सर्वोच्च अदालतबाट भएको आदेशको समेत पालना हुने गरी सुरक्षित तवरबाट कोरोना परीक्षण गरी नेपालमा ल्याएर निश्चित समयसम्मका लागि क्वारेन्टाइनमा राख्ने गरी सबै सुरक्षाको मापदण्ड अपनाई नेपाल ल्याउने ब्यवस्था तत्काल गर्न परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन गर्दछ ।

13. देशको असंगठित क्षेत्रमा कार्यरत रहेका अधिकांश कामदारहरु तथा विभिन्न शहरमा खाना तथा नास्ता लगायतका विभिन्न किसिमका व्यवसाय गरेर जीविको पार्जन गरेर  बसेका साना व्यावसायी लगायत कोरोना संक्रमणबाट अप्ठ्यारोमा परी रोजगारी गुम्न गई खाना तथा बस्नको लागि समस्यामा परेकाहरुलाई राहत वितरण गर्ने कार्यलाई प्रभावकारी बनाई कोरोना संक्रमण फैलन सक्ने अवस्थालाई नियन्त्रण गर्न तथा जनजीवनलाई सहज बनाउन गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन गर्दछ।

14. हाल कोरोना संक्रमणको कारणले बिदेश तथा स्वदेशमा रहेका श्रमिकहरुको रोजगारी गुम्न गएकाहरुलाई उचित तवरबाट व्यवस्थापन गर्न तथा स्वदेशमानै रोजगारी उपलव्ध गराउनको लागि उनीहरुको सीप, क्षमता तथा रुची अनुसारको तालीम उपलव्ध गराई रोजगार बिहिन भएका श्रमिकहरुलाई रोजगारी उपलव्ध गराउने तथा देशमा उद्योग तथा कृषि क्षेत्रको प्रवद्र्धन तथा उत्पादन बृद्धि गर्ने नीति अबलम्बन गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय तथा अर्थ मन्त्रालयलाई निर्देशन गर्दछ ।

15. संक्रमणको लामो समयसम्म जान सक्ने अवस्थालाई मध्यनजर गर्दै देशमा रहेका उद्योग धन्दाहरुमा कार्यरत श्रमिकहरुलाई उद्योग परिसरमानै राखेर सामाजिक दुरी कायम हुने गरी उद्योग संचालन गर्न नेपाल सरकारले गरेको निर्णय कार्यान्वयन गर्न हाल उद्योग व्यवसायमा कार्यरत अधिकांश श्रमिहरु आफ्नो थाकथलोमा गएका र हाल उक्त श्रमिकहरुलाई उद्योगमा ल्याउनका लागि लकडाउन तथा संक्रमण फैलिन सक्ने समस्या भइ श्रमिकहरुको अभावका कारणले उद्योग सञ्चालन हुन नसकिरहेको वर्तमान अवस्थामा सम्बन्धित उद्योगमा काम गर्न आउन चाहने श्रमिकहरुलाई स्वास्थ्य परीक्षण गरी सुरक्षित तवरबाट उद्योगमा आउन सक्ने वातावरण निर्माण गर्ने तर्फ पहल गर्न श्रम, रोजागर तथा सामाजिक सुरक्षा मन्त्रालय,

उद्योग,बाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन गर्दछ ।

16. कोभिड-19 को कारणले हालसालै स्वदेश आएका नेपालीहरुलाई राखिएको क्वारेन्टीनमा निश्चित समय (14 दिन) पुरा गरेकाहरुको कोरोना परीक्षण PCR Test को नतिजा आउन लामो समय लाग्ने र त्यस अवधिमा क्वारेन्टीनमा सामाजिक दुरी कायम नहुँदा संक्रमित भएको व्यक्तिबाट संक्रमण नभएको व्यक्तिमा पुन: संक्रमण हुनसक्ने र दोहोऱ्याएर परीक्षण गर्नुपर्ने अवस्था विद्यमान रहेकोले  परीक्षणको नतिजा छिटो आउने व्यवस्था मिलाउन, क्वारेन्टीनलाई थप व्यवस्थित बनाउन र कोरोना परीक्षणका लागि कीटको अभाव हुन नदिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन गर्दछ ।

17. कोभिड- 19 को कारणबाट विदेशमा रहेका अधिकांश व्यक्तिहरुको रोजगारी गुम्न गई स्वदेश फर्किरहेकोले निकट भविष्यमा नै देशमा विभिन्न किसिमको संकट उत्पन्न हुन जाने निश्चित रहेकोले विदेशबाट फर्केर आएका व्यक्तिहरुको सीप पहिचान गरी रोजगारी सृजना गर्ने योजना बनाई तत्काल कार्यान्वयनमा ल्याउन नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने ।

18. कोरोना परीक्षण गर्दा स्थानीय तहहरुले शुल्क लिईएको भन्ने गुनासो आएकोले छानविन गर्ने र शुल्क लिईएको पाईएमा तत्काल कारवाही गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन गर्दछ ।

19. कोरोना प्रकोपको कारणबाट हाल भारतबाट आउने नेपालीको संख्या अत्याधिक भै भारतीय विभिन्न नाका लगायत देशका विभिन्न भागमा रहेका क्वारेन्टीनहरूको व्यवस्थापनमा सरकारबाट हाल भइरहेको  प्रयास अपर्याप्त भएको देखिन्छ जसले गर्दा क्वारेन्टीनमा बसेका व्यक्तिहरुको लागि खाना बस्न लगायतका न्यूनतम पूर्वाधारको अभाव भएको कारणले विशेष गरी दिर्घरोगी, वृद्ध, बालबच्चा तथा महिलाहरु उच्च जोखिममा रहेको पाइएको र यसको लागि स्थानीय निकायको मात्र पहलबाट समस्या समाधान गर्न कठिन देखिएकोले कोरोना कहरको समस्यामा मानव जीवन रक्षाको लागि संघीय तथा प्रदेश सरकारबाट पर्याप्त जनशक्ति र स्रोत साधन परिचालन गरी आवश्यक पूर्वाधार सहितको क्वारेन्टीन बनाई खान बस्न र बिरामी परेकाहरुको

तत्काल उपचार प्राप्त गर्न सक्ने वातावरण तत्काल निर्माण गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत सम्बद्ध सबै निकायलाई निर्देशन गर्दछ ।

20. देशमा कोरोना संक्रमण उच्च गतिमा बृद्दि हुदै गएको र यस्तो अवस्थामा पनि यसको उपचार, रोकथाम र व्यवस्थापन गर्ने कार्य प्रभावकारी रुपमा गराउन नेपाल सरकारले गरेको प्रयासलाई समितिले उच्च मुल्याङ्कन गरी सबैमा धन्यावाद ज्ञापन गर्दछ र यसलाई थप व्यवस्थित बनाउदै लैजान समेत नेपाल सरकारलाई आग्रह गर्दछ ।

21.नेपालमा काम गर्ने विदेशी श्रमिकहरुले श्रम स्वीकृति लिए नलिएको सम्बन्धमा कडाईकासाथ अनुगमन गर्ने र श्रम स्वीकृति नलिई कामदारलाई काममा लगाइएको पाइएमा निजहरूलाई हटाइ नेपाली नागरिकलाई काममा लगाउने व्यवस्था गरी सोको जानकारी समितिलाई समेत गराउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

22.कोभिड-19 को कारण विस्थापित भएका विदेशी कामदारहरुको ठाउँमा नेपाली श्रमिकहरुलाई रोजगारी प्रदान गर्ने ठोस कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न र कार्ययोजना निर्माण गर्दा उद्योग वाणिज्य तथा आपूर्ति र कृषि तथा पशुपंक्षी मन्त्रालयसँग समेत समन्वय गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

23. वैदेशिक रोजगारीमा रहेर फर्किएका नेपाली नागरिकहरुलाई उनीहरुले हासिल गरेको ज्ञान, सीप र योग्यताको आधारमा स्थानीयस्तरमा समेत काममा लागाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समेत समन्वय गरी देशभित्र यथोचित रोजगारीको व्यवस्था गर्ने पहल गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

24.स्थानीय तहमा रहेको रोजगार सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी श्रमिक सूचना बैंक समेतको लागि चाहिने तथ्याङ्क संकलन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पूर्ण स्थानीयतहहरुलाई आवश्यक समन्वय र सहजीकरण गरी श्रम पन्जीकरणको ठोस कार्ययोजना बनाइ कार्य प्रारम्भ गर्ने र कामको प्रगतिको विवरण समितिलाई जानकारी गराउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

25. स्वरोजगार सृजना गर्ने उद्देश्यले हाल कार्यान्वयन गरिएका योजनाहरुमा दोहोरोपन देखिएकोले स्वरोजगार सम्बन्धी कार्यक्रमहरुलाई एकीकृत रुपमा संञ्चालन गर्ने व्यवस्था मिलाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

26. कोभिड-19 को कारण वैदेशिक रोजगार अभिमुखीकरण तालिम केन्द्रहरुले वैदेशिक रोजगार नियमावली 2064 बमोजिम धरौटी र नवीकरण शुल्क बुझाउन नसक्ने कारण देखाई एक आर्थिक वर्षको लागि स्वतः नवीकरण गरिदिन माग गरी यस समितिमा निवेदन पर्न आएकोमा उक्त माग सम्बोधन गर्न सकिन्छ/सकिन्न र सकिने भए कसरी गर्ने योजना छ? सो सम्बन्धमा 10 दिनभित्र समितिलाई जानकारी गराउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

27. नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले कोभिड-19 को कारण श्रमिकहरुलाई परेको समस्याको बारेमा दिएको ज्ञापनपत्रको बारेमा १० दिन भित्र राय प्रतिक्रिया पठाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ ।

28. वैदेशिक रोजगारीमा दुई आर्थिक वर्षमा 100 जना भन्दा कम मानिसहरु पठाउने Man Power Company हरुको नविकरण गर्ने नगर्ने सम्बन्धमा स्पष्ट राय सुझाव 10 दिन भित्र समितिलाई उपलब्ध गराउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन गर्दछ।

29. विदेशबाट नेपालमा उद्धार गरी ल्याएका नेपाली नागरिकहरुलाई त्रिभुवन विमानस्थलदेखि सम्बन्धित स्थानीयतहको क्वारेन्टिन स्थलसम्म पुर्‍याउँदा र क्वारेन्टिनमा राख्ने काम अव्यवस्थित भएको गुनासो आएकोले त्यस्ता नागरिकहरुलाई व्यवस्थित तरिकाले क्वारेन्टिनमा राख्न र गर्भवती तथा सुत्केरी महिलाहरुलाई आवश्यक थप सुविधा सहित छुट्टै क्वारेन्टिनमा राख्ने व्यवस्था तत्काल मिलाउन सिसिएमसीलाई निर्देशन गर्दछ।

30. होल्डिङ सेन्टरमा राखिएका नेपाली नागरिकहरुलाई खाना, पानी लगायत न्युनतम मानवीय आवश्यकताको उचित र पर्याप्त व्यवस्था गर्न सिसिएमसीलाई निर्देशन गर्दछ ।

31. विदेशमा अलपत्र परेका कामदारहरु मध्ये सम्बन्धित देश वा रोजगारदाताले उद्धार नगरेको कारण अलपत्र अवस्थामा रहेका सुत्केरी, गर्भवती, बिरामी वा अशक्तहरुलाई उच्च प्राथमिकता दिई नेपाल सरकार परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र संस्कृति

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समेत समन्वय गरी तत्काल उद्धार गर्न सिसिएमसीलाई निर्देशन गर्दछ ।

32. विदेशबाट फर्किने कामदारहरुको सीप, क्षमता, योग्यता, काम गर्न चाहने क्षेत्र र उक्त काम गर्नको लागि सरकारसँग गरिएका अपेक्षा लगायतका विषय समेत समेटिएको एकीकृत तथ्याङ्क श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गरी होल्डिंग सेन्टरबाट आफ्नो प्रदेश पठाउनु पूर्व नै संकलन गरी तथ्यांक व्यवस्थित गर्न सिसिएमसीलाई निर्देशन गर्दछ।

33. विदेशस्थित नेपाली राजदुतावास तथा नियोगहरुमा सम्पर्क गर्न नसकिएको गुनासो बारम्बार आउने गरेको सन्दर्भमा विदेशमा रहेका नेपालीहरुले परम्परागत माध्यमको अलवा अनलाइन मार्फत पनि सम्पर्क गर्न सक्ने व्यवस्था मिलाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन गर्दछ।

34. विदेशबाट फर्किने नेपाली नागरिकहरुले नेपाल फर्कदा महंगो भाडा तिर्नु परिरहेको गुनासो आएकोले भाडादर कम गराउन के कस्तो पहल भएका छन? त्यसको विस्तृत जानकारी समितिलाई गराउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन गर्दछ ।

35. प्रवासी श्रमिक कार्यरत रहेका कम्पनीले टिकट काटिदिएका तर हवाई कम्पनीले नेपालमा उडान भर्न अनुमति नपाएकोले गन्तव्य मुलुकमा धैरै श्रमिकले समस्या भोग्नु परेको भन्ने जानकारी आएको विषयलाई सम्बोधन गर्न के कस्ता पहलहरु भएका छन ? समितिलाई जानकारी गराउने संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन गर्दछ।

36.राजविराज औद्योगिक क्षेत्र, भैरहवा विशेष आर्थिक क्षेत्र र सिमरा Garment Processing Zone को वर्तमान अवस्था, देखिएका समस्या र समाधानका उपायहरु समेत समेटिएको विस्तृत प्रतिवेदन १० दिन भित्र यस समिति समक्ष पेश गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई निर्देशन दिने ।

37. समितिको बैठकले देहाय बमोजिमका प्रतिवेदनहरु परिमार्जन सहित पारित गर्ने निर्णय गऱ्योः

क नेपाल आयल निगमको भण्डारण क्षमता (कर्णाली प्रदेश) अनुगमन प्रतिवेदन207७,

ख.नेपाल साल्ट ट्रेडिङ लिमिटेड र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको खाद्य भण्डारण डिपोहरुको स्थलगत अनुगमन भ्रमण प्रतिवेदन 207७,

ग.नेपालगञ्ज र सुर्खेतमा रहेका नेपाल साल्ट ट्रेडिङ लिमिटेडका नूनको डिपो र उद्योग तथा उपभोक्ताहरुको समस्या सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन 207७,

घ.नेपाल आयल निगमका भरतपुर, अमलेखगञ्ज, जनकपुर, विराटनगर, इलाम र झापामा रहेका पेट्रोलियम पदार्थको भण्डारण एवं विक्री वितरण सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन 207७,

ङ.याक ब्रुअरी, सूर्य नेपाल र जगदम्बा स्टिल अनुगमन प्रतिवेदन, 207७।

38. बैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिएका श्रमिकहरुलाई विदेशबाट नेपाली नागरिकहरु लिएर आएका हवाइजहाजबाट नै पठाउने व्यवस्था गर्न र यसरी गन्तव्य मुलुकमा कामदार पठाउँदा सकेसम्म भाडादरमा सहुलियत हुने गरी व्यवस्था मिलाउन नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।

39. कोभिड-19को कारणले गर्दा बैदेशिक रोजगारीमा कामदार पठाउने Manpower Company र बैदेशिक रोजगारीमा जाने कामदारलाई Orientation दिने तालिम प्रदायक संस्थाहरुको नविकरण गर्न समस्या उत्पन्न भएकोले विद्यमान कानूनको परिधिभित्र रहेर सहजीकरण गरी त्यस्ता संस्थाहरुको नविकरण गर्न नेपाल सरकार मन्त्रिपरिषद् र श्रम रोजगार तथा सामाजिक सरक्षा मन्त्रालयलाई निर्देशन दिने ।

40. आत्मनिर्भर भैसकेका वन पैदावारमा आधारित उद्योगहरुलाई नेपाल सरकारबाट प्रदान गर्न सकिने छुट, सुविधा र सहुलियतहरु प्रदान गरी त्यस्ता उद्योगहरु फस्टाउने वातावरण तयार गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

41. लिलाम टेन्डर स्वीकृत भै राजस्व दाखिला भैसकेको काठवस्तु रोक्का नगर्न र त्यस्ता काठवस्तुहरु विना अवरोध ओसारपसार गर्न नेपाल सरकार मन्त्रिपरिषद्, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

42. नेपाल वन निगम लिमिटेडबाट हुँदै आएका काठवस्तुहरुको संकलन र उपयोगलाई उचित व्यवस्थापन गरी त्यस्ता काठवस्तुहरु सर्वसाधारण उपभोक्तालाई सहज र सुलभ दरमा उपलब्ध गराउने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।

४3. स्वदेशमा धैरै रोजगारी सृजना गर्ने उद्योगहरुलाई थप सुविधा र सहुलियतहरु प्रदान गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।